सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

राष्ट्रिय दैनिक

खबर

माझखर्क साप्ताहिकको सह-प्रकाशन

मुलुकी दैनिकको भदौ महिनाको मासिक शूल्क बुझाउने जरुरी सुचना

मुलुकी दैनिक पत्रिकाको भदौ महिनाको मासिक शुल्क रु २०० दुई सय बितरकलाई पठाईदिन हुन जरुरी सुचना । थप जानाकारीको लागि ९८४२९८५१८८

■ बर्ष-१७, ▶▶ अंक १७ असोज ७ गते बिहिबार,२०७८, September–23 Thursday 2021 ,यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. १०/- www.majhkharka.com

# शिवाई पुल फेरि बन्छ,बन्दैन ?

**मुलुकी संवाददाता**
**उदयपुर, असोज ६**

झण्डै १२ वर्षअघि सुरु भएर सकिनै लागेका बेला चौदण्डीगढी नगरपालिका ५ शिवाईस्थित त्रियुगा नदीको पक्की पुललाई गत असार २० गतेको बाढीले भत्काएपछि फेरि बन्छ बन्दैन भन्ने टुंगो लागेको छैन । ठेकेदार बम्पनीको लापरबाहीका कारण समयमा बनिनसकेको पुल गत असारभित्र सक्नेगरी हतारहतार बनाईरहेकै बेला बाढीले पिल्लर भाँचेर भत्काएको थियो ।

वर्षेनी हाउने बाढीले स्थानीयबासीलाई पुल अभावमा समस्या भोग्दै आउनुपरेको बेला बनिसक्नै लाग्दा पुल भत्केपछि स्थानीय थप समस्यामा परेका छन् । भत्केको पुल छिटै मर्मत गर्न स्थानीय जनप्रतिनिधिदेखि नागरिबनिसक्न लागेको थियो । तर, त्यही बेला निरन्तरको वर्षाले पुल भत्काईदियो । पुलको रेखदेख गर्ने जिम्मा पाएको गाईघाट दित्तेल सडक योजना कार्यालय उदयपुर पुल मर्मत प्रक्रियाका लागि अघि बढ्यो । निर्माणाधीन अवस्थामा भत्के बिग्रेका पुलको मर्मत विज्ञ प्राविधिक टोलीले अध्ययन गरेर दिने प्रतिबेदनपछि मात्र काम हुने प्रावधान पछ्याउँदै कार्यालयले भौतिक पूर्वाधार तथा



यातायात मन्त्रालयमा पत्राचार गऱ्यो ।

मन्त्रालयले विज्ञ टोली घट्नास्थल पठाएर प्रारम्भिक छानविन गरी फर्केको भोलिपल्ट अर्थात पहिले भत्केको १५ दिन नपुग्दै बाढीले पुल पुनः भत्कायो । पुलको अवस्था हेरेर मर्मतका लागि छानविन प्रतिबेदन बुझाउन डिभिजन सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय दमक झापाका सिनियर डिभिजन ईन्जिनियर (सिडिई), पुल महाशाखाका सिडिई र पुल सेक्टर १ धरानका ईन्जिनियरसहितको टोली स्थलगत अध्ययन गरी फर्केलगत्तै बाढीले पुलमा थप क्षति गरेको हो ।

साउन २ गते दोस्रो पटक बाढीले पुलका थप २ पिल्लर र ३ स्ल्याब भत्काईदिए पछि मर्मतका लागि आएको टोलीले अध्ययन प्रतिवेदन तयार गर्नै पाएन । त्यसपछि अध्ययन गर्न विज्ञ टोली मगाइए पनि अहिलेसम्म नआएको गाईघाट दित्तेल सडक कार्यालय प्रमुख (डिई) गोपाल खकुरेल बताउँछन् । उनका अनुसार त्यो टोलीको अध्ययन प्रतिबेदन सार्वजनिक हुनु र नहुनुसँग अहिलेको अवस्थाले सरोकार राख्दैन । किनभने पुल थप क्षति भएको छ र अर्को टोलीले पुनः अध्ययन गरेपछि मात्र मर्मतको पहल गर्नुपर्ने हुन्छ ।

दुईपटक बाढीले पुलका ३ वटा पिल्लर बंग्याईदिदा ४ वटा स्ल्याब भाँचिएर काम नलाग्ने अवस्थामा पुगेको डिई खकुरेलले बताएका छन् । सकिने बेला भाँचिएपछि अव मर्मत गर्ने कि अर्को पुल बनाउने भन्ने विषयमा विभागले निक्र्यौल नगरिसकेको उनी बताउँछन् । 'हामीले दुईपटक पुल भत्कियो क्षति पनि ठूलै भयो भनेर मर्मत गर्ने या पुनर्निर्माण गर्ने भन्ने कुरा टुंग्याउन विभाग गुहारेका छौं' खकुरेलले भने 'तर, अहिलेसम्म विभागले केही जवाफ दिएको छैन ।

पानीको सतह घटेपछि अर्थात वर्षा रोकिएपछि मात्र के गर्ने भन्ने टुंगा लाग्ला ।'०६७ सालमा ९ करोड ७६ लाख रुपैयाको लागत इस्टिमेटमा निर्माण सुरु भएको ११ स्पानको २ सय ८० मिटर लामो तथा साढे ५ मिटर चौडाईको उक्त पुलका ३ पिल्लर र ५ स्ल्याब बाढीले भाँचिदिएको छ । अरु पिल्लर र स्ल्याब साबुज भए पनि पुल अव काम लाग्ने नलाग्ने भन्ने यकिन भन्न विज्ञ टोलीको अध्ययनपछि मात्र भन्न सकिने कार्यालयले जनाएको छ । ३ वर्षभित्र बनाईसकेर सरकारलाई हस्तान्तरण गर्ने सम्झौता गरे पनि निर्माण कम्पनी महालक्ष्मी/लोकप्रिय जेभी कलंकीको लापरबाहीले पटकपटक म्याद थप्दै १२ वर्ष बिताउनु परेको हो ।

ले समयमा काम नगरेका कारण समय १२ वर्ष र लागत ११ करोड २७ लाख-*बाकी ३ पेजमा*

# माओबादीनिकट कर्मचारी पालिकाजस्तरमै संगठन हुने

**मुलुकी संवाददाता**
**बेलका, असोज ६**

नेपाल राष्ट्रिय कर्मचारी संगठन निजामतीले प्रदेश १ का सबै पालिकास्तरमा संगठन निर्माण तथा पुनर्गठन गर्ने निर्णय गरेको छ । संगठनको बुधबार विराटनगरमा सम्पन्न प्रदेश समितिको सचिवालय बैठकले यस्तो निर्पय गरेको हो ।

संगठनका प्रदेश संयोजक रुद्र सुवेदीका अनुसार कर्मचारी संगठनले ताप्लेजुङ, पाँचथर र इलामका कर्मचारीलक्षित गरी फिदिममा, सुनसरी, मोरङ, झापा र उदयपुरका लागि सुनसरीको चतरामा, संखुवासभा, तेह्रथुम, धनकुटा र भोजपुरका लागि पाखिबासमा तथा सोलुखुम्बु, ओखलढुंगा र खोटाङका लागि घुर्मिमा अगुवा संगठक प्रशिक्षण कार्यक्रम गर्ने निर्णय गरेको छ ।

यस्तै कर्मचारी संगठनको तर्फबाट लाली किरण स्मारिका प्रकाशन गर्ने निर्णय पनि गरेको सुवेदीले बताए । ४ ठाउँको अगुवा संगठक भेलाबाट आवश्यक कार्यविभाजनसहित पालिकास्तरसम्म संगठन निर्माण र पुनर्गठनमा लाग्ने सुवेदीले जानकारी दिए । उनले माओवादीनिकट कर्मचारी संगठनमा विभाजन आएको र एमाले प्रवेश गरेको भन्ने कुरा गलत रहेको प्रष्ट्याए । केही बद्नाम व्यक्तिहरु एमालेतिर लागेको भए पनि प्रदेश १ मा सिंगो कर्मचारी संगठन आफूहरुसँग रहेको उनको भनाई थियो ।

सचिवालय बैठकपछि लगत्तै प्रदेश १ को कार्यालय उद्घाटन भएको छ । विराटनगरस्थित सहिद रंगशालाअगाडि स्थापना भएको कार्यालयको माओवादी केन्द्रीय सदस्य तथा प्रदेश १ का सहइन्चार्ज सावित्रीकुमार काफ्लेले गरे । सो अवसरमा बोल्दै काफ्लेले माओवादीले नयाँ कम्युनिष्ट पार्टी र नयाँ क्रान्ति गर्न खोजेको भन्दै आआफ्नो ठाउँबाट लाग्न कर्मचारीहरुलाई निर्देशन दिए । कार्यक्रममामाओवादीविराटनगरका सहइन्चार्ज हेम कार्की, अध्यक्षभोगेन्द्र यादव, नेतृ गरिमा भट्टराईलगायतले शुभकामनामन्तव्यदिएकाथिएभने कर्मचारी नेताहरुले संगठन निर्माणमा जोड दिएका थिए ।

# ४४ औ सामाजिक सेवा दिवस सातावव्यापी मनाइने

**बेद कुमारी बान्तवा राई**
*गाईघाट, असोज ६*

यसवर्षको ४२ औं सामाजिक सेवा दिवस २०७८ लाई सातावव्यापी रुपमा मनाइने भएको छ । आजदेखि सुरु भएको दिवसको अवसरमा पहिलो दिन गाईघाटस्थित लोकतान्त्रिक चोक (पिपल चोक)मा दिप प्रज्वलन गरिएको छ ।

आजदेखि सुरु दिवसको अवसरमा बुधबार विहान ८:०० बजे जानुका नेपालीको सालिक निर्माण गर्ने कार्यक्रम सार्वजनिक गरिएको थियो भने साँझ दिप प्रज्वलन गरिएको हो । सामाजिक अभियन्ता स्वर्गीय जानुका नेपालीको हत्या भएको २०६२ मंसिर ३ गतेको स्मरणमा महिला



दिप प्रज्वन गरिएको हो ।

त्यो दिन महिला अधिकारको सवालमा अत्यन्त दुखद घट्ना भएको भन्दै त्यसको स्मरण गयएिको आयोजक नेपाल गैरसरकारी संस्था महासंघले जनाएको छ । मृतक नेपालीको दुःखद निधनको स्मरणमा यस दिनलाई राष्ट्रियरुपमै पहिचान दिलाउन - *बाँकी ३ पेजमा*




यहा सुपथ मुल्यमा स्वदेशी तथा बिदेशी ब्राण्डका लेडिज तथा जेन्सका जुत्ता, चप्पलहरु होलसेल मुल्यमा सप्लाई गरिन्छ। साथै विभिन्न स्कुल तथा कलेजको जुत्ताहरु समेत उपलब्ध गराईन्छ। उदयपुर तथा छिमेकी जिल्लाहरुमा होलसेलमा बिक्री सप्लाई गरिन्छ।
न्यु हलेसी फुटवेयर सप्लार्यस । त्रिनपा ११ गाईघाट, पुरानो पेट्रोलपम्प पछाडी उदयपुर ।
प्रोपाइटर - सुमन कटुवाल । सम्पर्क ९८५१११०१६८ /९८०७७७४२१० ।

सम्पादकीय...

# नगरपालिका गाईघाट बजार सफा गरिदेऊ ।

उदयपुर जिल्लाको सदरमुकाम गाईघाट बजार पछिल्लो समय सफा र हरियाली बन्दै गईरहेको छ । यस कार्यमा सबै भन्दा बढि नगरपालिकाका नगर प्रहरीको ठूलो भुमिका रहेको छ । त्रियुगा नगरपालिकाको सबै भन्दा सुन्दर बजार भनेको नै त्रियुगा नगरपालिकाको वडा नम्बर ११ गाईघाट बजार क्षेत्र हो । यस वडाका वडाध्यक्ष बिश्वराज भटराई बजार क्षेत्रलाई सफा गर्न आफ्नो बलबुतो लगाएर लागि रहेका छन् । जिल्लाको सदरमुकाम गाईघाट बजार क्षेत्रमा रहेको फोहोर उठाउन नगरपालिकाको सरसफाई टोलीलाई कष्टपुर्ण भईरहेको छ ।

नगरपालिकाले अहिले सम्म डसबिन समेत नराखिदिदाति सरसफाईकर्मीलाई फोहोर संकलन गर्नमा समस्या भईरहेको छ। यतिमात्र होईन अहिले बजार क्षेत्रको मदनभण्डारी लोकमार्ग अर्न्तगत गाईघाट बजारको क्षेत्रमा रहेको सडकपेटी सफा भए पनि बजारको अन्य सहायक क्षेत्रमा रहेको सडकको सडकपेटी सफाई हुन नसक्नु भनेको बजारक्षेत्रको बजारबासी ब्यापारी र मुख्य त घरपेटीवालाहरुको घामट कारण सफाई हुन सकिरहेको छैन । बजार क्षेत्र सफाई भयो भने त्यसको श्रेय नगरपालिकाले नै पाउने हो । गाईघाट बजारको बैङ्क लाईनको सडकपेटीमा सामान राख्ने घरपेटीहरु घामट हुन्। सडकपेटीमा गाडी, सामान राख्ने ति घरपेटी र ब्यापारीहरु सडकपेटी मिचाहा हुन् । घमण्डी र मानिसको कुरा नसुन्ने घमण्डी नै हुन्। उनीहरु नै हुन गाईघाट बजारको सरसफाईबा बाधक। बजार क्षेत्रको सरसफाईमा बाधा पुर्याउने ब्यक्तिहरुले आफुलाई शेर सम्झन्छन्। गाईघाट बजार क्षेत्रको बिधुत मार्गमा रहेको सडकपेटी सफाई गर्नमा नगरपालिकालाई कसले रोक्यो । गाईघाट बजार क्षेत्रको सडकपेटीमा घरबाट झर्ने पानीको पाईप कसले राख्न लगायो। पानी परेको समयमा सडकपेटीमा हिड्ने पैदलयात्रीको टाउँकोमा फोहोर पानीको धारा खस्छ यसको जिम्मेवारी कसले लिने ?

बजार क्षेत्रमा रहेको घरवालाहरुले घरको छतमा जम्मा भएको पानी झार्ने पाइप फिट गर्दा उक्त पानी सडकपेटीमा हिड्ने पैदलयात्रीको टाउकोमा खस्छ। गाईघाट बजारको हिमाली टोलमा रहेको गंगाचुली होटलको अगाडी रहेको घरमा छतमा जम्मा भएको पानि जमिनमा झार्न जोडिएको पाइपबाट झर्ने पानीले बिधुतको तारमा पानीको धारा खस्दा सो क्षेत्रमा अहिले खतरा बढेको छ। बजार क्षेत्रको सडक छेउछाउ र सडक बिचमा रहेको फोहोर, जङ्गल त सफा गरिदेउ नगरपालिका। दशै तिहार आउँदै छ। आन्तरिक तथा बाह्य जिल्लाबासी घर दशै तिहार मनाउन आउँदैछ। बजार क्षेत्र सफा भएमा वा वा हाम्रो गाईघाट राम्रो गाईघाट भन्नेछन् । नगरपालिका प्रति धन्यबादको भारी आउनेछ। तर गाईघाट बजार यहि स्वरुपमा रहिरहने हो भने छि गाईघाट, यस्तै त होनी गाईघाट ? कसले गर्ने राम्रो काम। को छन् त्यस्तो मान्छे जसले गाईघाटलाई सफा स्वच्छ बनाउन पहल गर्छ ? त्यसैले बजार सफा गरिदेउ ।

# युनिकाको फुटबल मोह

बिक्रम चामलिङ राई
गाईघाट, असोज ६





उदयपुरको त्रियुगा नगरपालिका ८ चुहाडेमा सुविधा सम्पन्न प्यार्टी प्यालेर्स, रेष्टुरेन्ट सहित थ्रिओन कवर्डहल निर्माण भएको छ । चुहाडेवासी राज खड्का र उनको भाई बिक्रम सिंह खड्का दाजुभाईको संयुक्त लगानीमा भेटघाट कबर्डहल निर्माण भएको हो । सो हल निर्माणका लागि दाजुभाईको करिब डेड करोड बराबरको व्यक्तिगत लगानी रहेको छ ।

हल व्यवस्थीत र गुनस्तरीय रुपमा बनेको र एकै हलमा बिभिन्न अन्य गतिविधि पनि गर्न सकिने गरी थ्रिओन हलको रुपमा निर्माण भएको हल संञ्चालक राजु खड्काले बताए ।

हलको चाँडै उद्घाटन हुने समेत खड्काले बताए । हल उद्घाटन भव्य तरिकाले वृहत रुपमा गरिने खड्काले खड्को भनाई छ। उनले विहान र वेलुका दुई सिफ्टमा हल उद्घाटन हुने जनाए । हल उद्घाटनमा जिल्ला स्तरीय व्याडमिन्टन मेयरकप आयोजना समेत हुने जनाए। जिल्ला स्तरीय व्याडमिन्टन मेयरकप गरी हलको उद्घाटन गरिने खड्काले बताए ।खड्काका अनुसार बिहान ब्याडमिन्टन प्रतियोगिताको आयोजना गरी हल उद्घाटन गर्ने र बेलुका प्यार्टी प्यालेर्स र रेष्टुरेन्टका लागि लाईभ सो प्रत्यक्ष गायनको मनोरञ्जनमा हल उद्घाटन गरिने बताए। खड्काले एउटै हललाई ब्याडमिन्टन, पार्टी प्यालेर्स र रेष्टुरेनटको रुपमा प्रयोग गर्न सकिने गरी हल निर्माण भएको बताएको छ ।

उनले विहान व्याडमिन्टनको रुपमा हल प्रयोग हुने र बेलुका दिउँसो हललाई रेष्टुरेन्ट पार्टी प्यालेर्सको रुपमा प्रयोग गर्न सकिने जनाए ।सो हलमा उदयपुरकै इतिहाँसमा पहिलो पटक फरक किसिमले रेष्टुरेन्टको संञ्चालन गर्न लागिएको समेत संञ्चालक खड्काले बताए । खड्काले हाल सम्म उदयपुरमा कतै पनि लाईभ म्युजिक सहितको रेष्टुरेन्ट नभएको र यसको सुरुवात आफुहरुले गर्न लागेको बताए। उनले म्युजिक ट्र्याकमा प्रत्यक्ष गित गाएर दर्शक पाहुनाहरुलाई मनोरञ्जन दिने हिसावले रेष्टुरेन्टको आयोजना गर्न लागेको बताए । यसका लागि राम्रो एकजना महिला नेशनल कलकार ल्याउने तयारी समेत भईरहेको बताए । दर्शकहरुको माग अनुसार लोकदोहरी लाईभ सो समेत चलाउने उनले बताए ।हल उद्घाटनको दिन नेशनलव्यापी कलकारहरुको उपस्थित गराईने र स्थानीय कलकारहरु र लोकदोहोरी गायकहरुलाई समेत उपस्थित गराईने खड्काले जनाए ।

# गाईघाट बजारमा असोज ४ गते सोमबार खुद्रा तरकारी बजार भाउ ।

| | | | | | |
|---|---|---|---|---|---|
| १, | आलु | रु ४० | १६, | धनियाँ | रु १०० |
| २, | अदुवा | रु १२० | १७, | लोकल बोडी | रु १४० |
| ३, | टमाटर | रु ४० | १८, | खर्बुजा | रु ४० |
| ४, | बन्दा | रु ४० | १९, | रायो साग | रु २०० |
| ५, | भेन्टा | रु १०० | २०, | लट्टे साग | रु १२० |
| ६, | खुर्सानी | रु १६० | २१, | प्याज | रु ६० |
| ७, | मुला | रु ६० | २२, | निगुरो | रु ६० |
| ८, | पर्वल | रु १०० | २३ | दुध | रु. ७० |
| ९, | तितेकरेला | रु १०० | २४, | दही | रु ९० |
| १०, | भिन्डी | रु ६० | २५, | मोही | रु ५० |
| ११, | च्याउ | रु २४० | २६, | घ्यु | रु ७०० |
| १२, | काउली | रु १६० | २७, | राँगाको मासु | रु ४०० |
| १३, | फर्सी | रु ५० | २८, | बंगुरको मासु | रु ४०० |
| १४, | कटहर | रु ४० | २९, | खसीको मासु | रु १,००० |
| १५, | काँका | रु ५० | | | |







| | | | |
|---|---|---|---|
| गाईघाट-कदमाहा | ८७.४९ | गाईघाट -हेटौडा | ५९६.९९ |
| गाईघाट-लहान | १००.९५ | गाईघाट -नारायणघाट | ७४०.४२ |
| गाईघाट-रुपनी | १५९.८६ | गाईघाट- काठमाण्डौं | ११३९.७ |
| गाईघाट-राजबबीराज | १८५.०९ | गाईघाट - पोखरा | १०९०.२१ |
| गाईघाट-ईटहरी | ३३७.९२ | गाईघाट-जलजले चुहाडे | ४४.८० |
| गाईघाट-धरान | ३७१.२० | गाईघाट-कालीखोला | ६४.०० |
| गाईघाट-बीराटनगर | ३८२।७२ | गाईघाट-होक्से | ७६.८० |
| गाईघाट-बीर्तामोड | ५३८.४८ | गाईघाट -नाम्जे | ८९.६० |
| गाईघाट-काकडभीठा | ५५६.८० | गाईघाट-कौवाई | ११५.२० |
| गाईघाट-मींचैया | १६८.२७ | गाईघाट -मुर्कुची | १२८.०० |
| गाईघाट-कटारी | २५२.४० | गाईघाट-अधेरी | १५३.६० |
| गाईघाट-ढल्केवर | २६०.८३ | गाईघाट -फर्से | १६६.४० |
| गाईघाट-जनकपुर | ३०१.३१ | गाईघाट -देउराली | १७९.२० |
| गाईघाट-चन्द्रनीगाहपुर | ३९५.४४ | गाईघाट -नेपालटार | १९२.०० |
| गाईघाट-पथलैया | ५०४.८२ | गाईघाट -रामपुर | ३२१.२८ |
| गाईघाट-बीरगन्ज | ५८०.१० | गाईघाट- जाँते | ७६८.०० |

**शिवाई...**

पुगेको खकुरेलले बताए । २०६७ मा पुलको निर्माण थालेको थियो। डिजाइन र माटो परीक्षणको काम काडमाडौंस्थित बालाजु स्वाइल कन्सल्टेन्सीले गरेको पुलको निर्माणमा गुणस्तरहीन सामग्री प्रयोग गरेका कारण भत्केको अनुमान गरिए पनि यकिन कारण भने प्राविधिक अध्ययन टोलीकै प्रतिबेदनले मात्र देखाउने खकुरेलको भनाई छ ।

बनिसक्न लागेकै बेला पुल भाँचिएपछि राज्यलाई घाटा त हुने नै भयो, सँगसँगै वडाबासीलाई थप समस्या भोग्नुपर्ने भएको छ । वडा नं. ६ बेलटारमा रहेको चौदण्डीगढी नगर केन्द्र आउजाउ गर्दा स्थानीयले यअसघिजस्तै डुंगाकै सहारा लिनुपर्ने बाध्यता लम्बिएको वडाध्यक्ष देवनारायण चौधरीले बताए । उनका अनुसार पुल बन्ने आसमा वर्षौंदेखि त्रियुगाको कहर सहदै आएका वडाबासीलाई यसवर्ष पुल बनिसक्ने ठूलो अपेक्षा थियो । तर, बनिसक्नै लाग्दा बाढीले भत्काएपछि हिजोको समस्या ज्यँका त्युँ रहेको चौधरीले बताए ।

धेरै पापड बेलेर छिटो छिटो काम गर्न लगाएर काम सक्न मेहनेत गरे पनि बाढीले भत्काएपछि जनताको दुःख जस्ताको तस्तै रहेको र आफ्नो मेहनेत खेर गएको चौदण्डीगढी नगरप्रमुख खगेन्द्र राईले गुनासो गरे । निर्माण सुरु भएको ६ वर्षपछि आफु मेयर जितेको र जित्नेबित्तिै पहिलो प्राथमिक्तामा राखेर पुल निर्माणको कामलाई गति दिन विभाग, मन्त्रालय र प्रधानमन्त्रीसम्मलाई भेटेर लागी परे अनुसार काम भईरहेका बेला बाढीले पुल भत्काईदिएर सपना चक्नाचुर पारेको उनले बताए । स्थानीय जनता, सो रुट भएर सप्तरी र उदयपुर आउजाउ गर्ने लाखौं उपभोक्ता पुल बन्ने प्रतिक्षामा रहेकोमा अझै वर्षौं कुनुपर्ने अवस्था आएको मेयर राईले बताए ।

नगरप्रमुख राईका अनुसार पुल बनिनसक्दा वडाबासीलाई बेलटार आउजाउ गर्न वर्षेनी डुंगा चढ्नुपर्ने स्थिति छ । शिवाईसँगै १० नं. वडाका हडियाबासी र ९ नं. का ज्यामिरे, हडियाबासीलाई वर्षायाममा त्रियुगा नदी तर्न नगरपालिकाबाटै डुंगा खरिद गरेर आउजाउको व्यवस्था मिलाइएको छ । त्यो कहरबाट मुक्ति पाउनका लागि शिवाईको भत्केको पुल तत्काल मर्मत गर्नपर्ने तथा ज्यामिरेमा अर्को पुल निर्माण गर्न मेयर राईले मन्त्रालयको ध्यानाकर्षण गरएका छन् ।




**४४ सप्ताहाब्यापी...**

उनको शालिक निर्माणको थालनी गर्नुपर्नै विषयमा पनि छलफल भएको थियो। मानव अधिकारकर्मी नजबुल खान निलमले जानुका नेपालीको अकस्मात हत्याले नेपाली महिलाहरु हिंसाको सिकार भएर बस्नु परेको बताईन् ।

उनले महिला मुलधार सेवा केन्द्र (मासबेस) र दलित महिला संघ (फेडो)को संयुक्त सहकार्यमा नेपालीको सालिक निर्माण कार्य थालनी गर्ने तयारीमा लाग्ने बताईन् । फेडोकी सचिव पाण्डु परियारले जानुका नेपाली महिला हिंसाको सिकार भएर मृत्यु वरण गर्न पुगको भन्दै भेदभावरहित समाज बनाउन सँधै उनको स्मरण गर्नुपर्ने बताईन् ।

उदयपुरमा सप्ताहव्यापी रुपमा मनाउने सामाजिक सेवा दिवस उदयपुरमा विभिन्न गैरसरकारी संघसंस्थाहरुको संयुक्त सहकार्य र समन्वयमा ७ दिनसम्म विभिन्न कार्यक्रम गरि मनाउने भएको छ । त्रियुगा नगरपालिका १० बोक्सेस्थित करमगाछीमा सरोकारवाला निकायसँगको सहयोगमा शालिक निर्माण कार्यक्रम गर्न बृहत छलफलको थालनी गर्ने जानकारी परियारले दिइन् ।

१६ वर्षअघि सामाजिक अभियानको क्रममा जानुका नेपालीलाई बोक्से करमगाछीमा नागरिकता बनाउने विषयमा बिवाद हुँदा खुकुरी प्रहार गरी हत्या गरिएको थियो । उक्त घट्नालाई स्मरण गर्दै ४२ औं सामाजिक सेवा दिवसको अवसरमा नेपालीको सालिक निर्माण गर्ने कार्य थालनी गर्ने प्रशंग अघि आएको मुलधार महिला केन्द्र (मासबेस)की अध्यक्ष नजबुल खानले बताईन् ।

नेपालीको दुखद घट्नालाई राष्ट्रिय मुद्दा बनाइनुपर्ने भन्दै उनले सामाजिक अभियन्ताहरुको सुरक्षाका लागि राज्यले ग्यारेन्टी लिएर स्वास्थ्य विमा गर्नुपर्ने माग गरिन् ।


# आरके ईम्पोरियम

## गाईघाट, उदयपुर



यहा जाक्वर ब्राण्डका हरेक किसिमका बाथरुम फिटिङ का सामानहरु लगायत घर , भवन मा आबश्यक पर्ने सबै मार्बल, टाइल्स, ग्रेनाईट, पाइप फिटिङका सामान आ.के. इम्पोरियम गाईघाट पिपलचोकमा सुपथ मुल्यमा पाईन्छ। पूर्व मनकामना हार्डवेयर संगै। प्रोपाईटर – राजेश कार्की, सम्पर्क – ०३५४२३६४१, ९८६२६२४६७९


# ताप्ली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,रुपाटार, उदयपुर, १ नं प्रदेश नेपाल

विषय : ताप्ली गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुको लागि गाउँ शिक्षकको विज्ञापन सम्बन्धमा ।

(प्रथम पटक प्रकाशित सूचना २०७८/०६/७)

प्रस्तुत विषयमा यस गाउँपालिका अन्तर्गत विभिन्न सामुदायिक विद्यालयहरुको लागि तपसिल बमोजिमको गाउँ शिक्षकहरु करार सेवामा पदपूर्ति गर्नु पर्ने भएको हुँदा योग्यता पुगेको ईच्छुक उम्मेदवारहरुबाट दरखास्त आव्हान गरिन्छ ।

माग सङ्ख्या

| क.सं. | विज्ञापन नं. | पद | तह/श्रेणी | आवश्यक सङ्ख्या | आवेदन दस्तुर रु. |
|---|---|---|---|---|---|
| १ | १/०७८/०७९ | गाउँ शिक्षक | माध्यमिक तृतीय | ३ (तीन) | १५००। – |
| २ | २/०७८/०७९ | गाउँ शिक्षक | आधारभुत | १ (एक) | १०००। – |

नोट : माध्यमिक तहको आवश्यक सङ्ख्या : ३ (तीन)स ९विज्ञान - २),( अङ्ग्रेजी( १)

आधारभुत तह (६–८) आवश्यक सङ्ख्या : रु (एक) ( विज्ञान र गणित–१)

क.न्यूनतम शैक्षिक योग्यता :

माध्यमिक तहको लागि:

– विज्ञान विषयको लागि सम्बन्धित विषयमा कम्तिमा स्नातक वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ।

– अग्रेजी विषयको लागि सम्बन्धित विषयमा कम्तिमा स्नातक वा सो सरह उत्तीर्ण गरी सम्बन्धित तहको शिक्षण अध्यापन अनुमती पत्र भएको हुनुपर्नेछ ।

आधारभुत तह(६–८) को लागि:

– विज्ञानररुरुरु विषयको लागि सम्बन्धित विषयमा कम्तिमा ˙२ वा सो सरह उर्त्तीण गर को हुनुपर्नेछ ।

ख.उमेर : कम्तिमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको नेपाली नागरिक हुनु पर्नेछ ।

ग.दरखास्त बुझाउने स्थान: ताप्ली गाउँपालिका कार्यालयको शिक्षा युवा तथा खेलकुद शाखामा बुझाउनु पर्नेछ । साथै गाउँपालिकाको नाममा प्राइम कमर्सियल बैकमा खोलिएको आन्तरिक राजश्व खाता नं. ०७७००२५९ऋब मा तोकिएको दस्तुर जम्मा गरेको भौचर सहित आवश्यक योग्यताका प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु र फाराम स्क्यान गरी ष्अतातबउष्गिल२क्कबषीअफ मा भ्बर्ष मार्फत पनि बुझाउन सकिनेछ।

घ. दरखास्त बुझाउने अन्तिम मितिः २०७८/०६/२१ गते कार्यालय समय भित्र ।

ङ. दरखास्त फाराम पाउने स्थान : ताप्ली गाउँपालिकाको वेव साइट धधधातबउष्गिलानयखालउ बाट मयधलयिबम रुरुरुरझिक्न सकिनेछ ।

च. छनौट किसिम : प्रारम्भिक योग्तयाक्रमको सुची प्रकाशन लिखित परीक्षा र अन्तरवार्ता ।

छ.आवेदन तथा संलग्न गर्नुपर्ने कागजातहरु : आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमको प्रतिलिपिहरु

- क. नागरिकताको प्रमाणित प्रतिलिपि
- ख. न्यूनतम योग्यताको लब्धाङक प्रमाणपत्र प्रतिलिपि
- ग. चारित्रिक प्रमाण पत्रको प्रतिलिपि
- घ. अनुभव खुल्ने कागजात
- ङ. २ प्रति पासपोर्ट साइजको फोटो
- च. अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि ।

ज. तलव स्केल : ताप्ली गाँउ शिक्षक व्यवस्थापन कार्यविधि २०७७ पहिलो संशोधन बमोजिम

झ. अन्य सेवा सुविधा : सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

पुनश्च : अन्य जानकारीको लागि मोवाइल न. ९८४२५३७४३७, ९८५२८३६०२५

प्रमुख प्रशासकिय अधिकृत

# उदयपुरमा युनिका चामलिङको फुटबलमा योगदान

भावना बान्तवा राई

चौदण्डीगढी नगरपालिका ३ की युनिका चामलिङ राई गतवर्ष आयोजित सातौँ राष्ट्रिय महिला फुटबल प्रतियोगितामका चौदण्डीगढी नगरपालिकाको तर्फबाट टिम क्याप्टेन थिइन्। बुबा दिलकुमार र आमा अम्बिका राईका २ छोरीमध्ये युनिका जेठी छोरी हुन् ।

कान्छी मोनिका पनि फुटबल खेलप्रति उत्तिकै रुची राख्छिन् । युनिकाले १५ वर्षकै उमेरदेखि फुटबल खेल्न थालेकी हुन् । त्यसबेला उनी कक्षा ६ मा अध्यन गर्थिन्। आहिले उनी स्नातकतहमा अध्ययन गर्दैछिन् ।उनी २०७७ सालमा आयोजित महिला फुटबल प्रतियोगिताका लागि चौदण्डीगढीबाट खटेको टिमलाई नेतृत्व गर्दै सहभागी गराएर आईन् ।




आमा अम्बिका र बुबाको उदिम चामलिङ राईको साथमा उदयपुर बसाहाका फुटबल खेलाडी युनिका चामलिङ राई

अहिले गाउँमै रहेर फुटबलको तालिम सञ्चालन गरिरहेकी युनिका फुटबल खेलमा लाग्नुको कारण आफुभन्दा सिनियर दिदीहरुलाई मान्छिन् । गाउँका आफुभन्दा दिदीहरु फुटबल खेलेको देखेर प्रभावित भएकी उनी सानैदेखि फुटबल खेल्न रुचाउँथिन्। उनी भन्दा उमेरले दिदीहरु अहिले पनि फुटबलप्रति चासो राख्ने गरेका छन् ।त्यसैले उनी पनि बाल्यकालदेखि नै फटबलप्रति रुची बढाउँन पुगिन्।


अहिले नगरपालिकाले खेलाउने हरेक फुटबल खेलहरुमा भाग लिएर राम्रो खेल्दै आएकी छिन् उनी । उनको खेल लगावप्रति नगरपालिकाले भने उति चासो नदिएको गुनासो छ। खेल व्यवस्थापनमा सन्तुष्टि नभएको उनी बताउँछिन्। उनी बिभिन्न जिल्लामा आयोजित राष्ट्रिय प्रतियोगिताहरुमा पनि सहभागी भएकी छिन् ।

खेल खेल्दा अध्ययनमा पनि असर हुने गरेको उनको अनुभव छ ।खेलको पछि लाग्दा कक्षामा नियमित उपस्थित हुन नपाइने र कक्षामा नियमति उपस्थित हुन नसक्दा पढाई छुट्ने भएकलो खेलकुदले पढाईमा असर गरेको उनको अनुभव छ ।




पहिलेपहिले फुटबल खेल्न जाँदा गाडी भाडा आफैले तिरेर जानु परेको स्मरण छ उनलाई । तर, अहिले समय बद्लिएको छ, कुनै पनि प्रतियोगिताहरुमा भाग लिन जानु पर्दा अहिले बस भाडा आफुले तिर्नु परेको छैन ।यसबर्ष उदयपुर जिल्लाभरी मात्र फुटबल खेल्ने उनको लक्ष्य छ।राष्ट्रिय महिला फुटबलमा भाग लिन जानु नपरेकाले यो वर्ष आफ्नै जिल्लामा हुने खेलकुदमा भाग लिने उनले बताईन् ।

खेलकुद क्षेत्रमा सानैदेखि रुची राखेकी छोरीको आचरण बुझेकी उनका बाउआमा युनिकाले फुटबलमा राम्रो प्रगती गरोस् भन्ने चाहना राखेको बताउँछिन् ।










माझखर्क साप्ताहिकको सह-प्रकाशन मुलुकी
प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः– ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट